हरिनगर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हरिनगरा, सुनसरी

कोशी प्रदेश, नेपाल

मिति:- २०८१/०१/१२

## हरिनगर गाउँपालिकाको अपिल

प्रस्तुत विषयमा हरिनगर गाउँपालिका, गाउँ कार्यपालिकाको मिति २०८१।०१।१० गतेको बैठकको निर्णय अनुसार मिति २०८०।१२।२२ गते हरिनगर गाउँपालिका वडा नं. १ रामनगर भुटाहामा भएको घटनाबाट उत्पन्न भएको परिस्थिति तथा जनजीवन सामान्य भई हरिनगर गाउँपालिका क्षेत्र भित्रका सबै कार्यालयहरु नियमितरुपमा संचालन भइसकेको व्यहोरा अनुरोध छ ।

उक्त घटनाको विषयलाई लिएर सामाजिक सदभाव भडकिने गरी कोही कसैले भेला, नारा जुलुस वा सभा नगर्न नगराउन हुन तथा सो खालका घटना गरे गराएमा स्वयम् व्यक्ति वा संस्था जिम्मेवार हुनु पर्ने र सामुदायिक वा व्यक्तिगत आक्षेप लगाउने गरी कोही कसैले सामाजिक संजालमा पोष्ट गर्ने तथा सो मा अनावश्यक टिकाटीप्पणी गर्ने कार्य नगर्न नगराउन हुन र गरे गराएमा निज स्वयम् जिम्मेवार हुनु पर्ने व्यहोरा समेत अनुरोध छ ।

साथै सो घटनाको कारणबाट चोटपटक लागि घाइते भएका हरिनगर गाउँपालिका क्षेत्र भित्रका नागरिकहरुको उपचार खर्चमा लागेको रकम दावीका लागि आजका मितिले ७ दिन भित्र सम्बन्धित वडा कार्यालयको सिफारिस सहित गाउँ कार्यपालिकाको कार्यालयमा आई प्रमाण सहित निवेदन दिन हुन सम्बन्धित सबैमा अपिल गर्दछु ।

.................................
गफार अंसारी मिया
अध्यक्ष

नोट:- सूचना प्रविधि शाखा: हरिनगर गाउँ कार्यपालिकाको कार्यालय हरिनगरा, सुनसरी
यो अपिल यस कार्यालयको वेभसाइटमा अपलोड गरी दिन हुन ।